# पञ्चकन्या गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यलय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश,नेपाल

सूचना नं. : ००५

## आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धी सूचना !
(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१२)

यस आ.व २०८०/०८१ को प्रदेश शर्सत कार्यकम अन्तर्गत यस गाउँपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक इकाईद्धारा सञ्चालित “आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम”मा आमा बाबु दुबै गुमाएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम मासिक भता उपलब्ध गराउने प्रयोजनार्थ देहाय बमोजिमको योग्यता पुगेका व्यक्तिहरुले तल उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहारसुसार गर्ने व्यक्तिले सम्बन्धित वडा कार्यलयमा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

आवेदनको साथमा देहाएको कागजातहरु संलग्न गर्नुपर्नेछ :

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि), २ प्रति पासपोर्ट साईजको फोटो,
- बाबु र आमा दुवैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट पूर्ण रुपमा बञ्चितीमा परेको स्थानीय तहबाट प्रमाणित कागजात,
- विद्यालयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र),
- संरक्षकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि,
- सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको सिफारिस पत्र ।

भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता:

- आमा बाबु दुवैको मृत्यु भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चित भई अरुको संरक्षणमा रहेको,
- १८ वर्ष पुरा नगरेको,
- ५ वर्ष उमेर पुगेको बालबालिकाको हकमा विद्यालय जाने गरेको,
- कुनै गैरकानुनी वा अपराधिक कार्यमा संलग्न नभएको,
- उल्लेखित योग्यता पूरा गरी नियमानुसार आमा बाबु विहिन बालबालिकाको रुपमा स्थानीय तहमा दर्ता भएको ।

नोट : अघिल्लो आ.व मा भत्ता प्राप्त गरिसकेका बालबालिकाहरुको पनि नवीकरणको गर्नु पर्ने भएकाले उल्लेखित सम्पूर्ण कागजात पेश गर्नुहुन अनुरोध गरिन्छ ।

२०८०।०४।१२

रामभक्त कापले
प्रमुख प्रशासकीय अधिकृत

# आमा बाबु विहिन बालबालिका सूचना संकलन फारम

१. प्रदेश........................२. जिल्ला..........................३. पालिका......................
४. वडा नं......................५.गाउँ/टोल/बस्ती..............................
६. बालबालिकाको नाम...................................थर...............................
७. बालक ☐ बालिका ☐   ८. जन्म मिति................साल.......महिना .......गते
९.बाबु बितेको /बेपत्ता भएको वर्ष...............................साल....... महिना .......गते
१०. आमा बितेको /बेपत्ता भएको वर्ष..........................साल....... महिना .......गते
११. बाबुतिरको नातेदार को को छन् ?.........................................................................
१२. आमातिरको नातेदार को को छन् ?......................................................................
१३. हाल को संग बसिरहेको?.......................................................................................
१४.परिवार र आफन्तमा नबसेको भए हाल कहाँ रहेको ?.......................................
१५. विद्यालय गएको / नगएको (नगएको भए सो को कारण) ...............................
१६. विद्यालयको नाम ................................................................ कक्षा............
१७.कुनै अपाङगता छ ?...................... छ भने कस्तो प्रकारको
..................................
१८. संरक्षकको नाम थर ...........................................ठेगाना
................................
१९. सम्पर्क नं.................................................... हस्ताक्षर
.................................

तथ्याङक संकलन गर्ने कर्मचारी
नाम :
पद :
हस्ताक्षर :
मिति :

रुजु गर्ने कर्मचारी
नाम:
पद:
हस्ताक्षर :
मिति :